# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ पुस २८ गते

## महिला तथा बालबालिकामाथिको हिंसा अन्त्य गर

देशमा महिला तथा बालबालिकामाथि भइरहेको हिंसात्मक व्यवहारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले गरेको स्थलगत अनुगमन र आमसञ्चार माध्यममा प्रकाशित समाचारको अनुगमनबाट महिला तथा बालबालिकामाथि हिंसा बढेको पाइएको छ । नेपाल प्रहरीको पाँच वर्षको अभिलेखको तुलनात्मक अध्ययनबाट पनि महिला तथा बालबालिकामाथि हिंसा बढेको देखिन्छ ।

| आर्थिक वर्ष | जबरजस्ती करणी | मानव बेखबिखन तथा ओसारपसार | बालविवाह | घरेलु हिंसा | बहुविवाह |
|---|---|---|---|---|---|
| २०६६/०६७ | ३७६ | १६१ | ७ | ९८३ | १४६ |
| २०७०/०७१ | ९१२ | १८५ | १७ | ६८३५ | ४२१ |

**स्रोत : नेपाल प्रहरी**

नेपाल 'महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९' र 'बालअधिकारसम्बन्धी महासन्धि, १९८९' को पक्षराष्ट्र बनिसकेको सन्दर्भमा महिला तथा बालबालिकामाथि हुने सबै प्रकारका दुर्व्यवहार अन्त्य गर्न र पीडितलाई छिटो न्याय दिलाउने कार्यका लागि पहल गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।



.....................

मोहना अन्सारी

प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org